# महिला तथा बालिकाविरूद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन[1]

**'सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चितता'** भन्ने मूल नाराका साथ १ सय १२ औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै छ । नेपाल संयुक्त राष्ट्रसङ्घले जारी गरेको महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि-१९७९ को पक्ष राष्ट्र हो । यो महासन्धिलगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा महिलासँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रावधानहरूमा नेपालले प्रतिबद्धता जनाएको छ । नेपालमा महिला अधिकारका सम्बन्धमा नीतिगत तथा कानुनी संरचनामा लोकतन्त्र स्थापनासँगै सुधार आएको भएपनि तिनीहरूको कार्यान्वयनमा भने अझै सुधारको खाँचो रहेको छ । महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा उल्लेख्य सुधार हुँदाहुँदै पनि नेपालका महिला विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट पीडित हुँदै आएका छन् । मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले गरेको अभिलेख अनुसार सन् २०२१ मा महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाहरूमा कमी आउन सकेको छैन ।

| क्रसं | घटनाको प्रकार | पीडित सङ्ख्या, २०२० | | पीडित सङ्ख्या, २०२१ | |
|---|---|---|---|---|---|
| | | महिला | बालिका | महिला | बालिका |
| १ | बेचबिखन तथा ओसारपसार | २५ | ३४ | ४२ | २७ |
| २ | बेचबिखन तथा ओसारपसार प्रयास | ३२ | | १६ | |
| ३ | बलात्कार | ६४८ | ९८९ | ६४९ | १०४३ |
| ४ | बलात्कार प्रयास | १५२ | | १७७ | |
| ५ | यौन दुर्व्यवहार | ६२ | ३३५ | ६१ | ३५९ |
| ६ | घरेलु हिंसा | १३४६ | | २०५९ | |
| ७ | बहुविवाह | २८२ | | ३४५ | |
| ८ | बालविवाह | | ४० | | ३९ |
| ९ | परिवारजनबाट हत्या | १०२ | | ११२ | |
| १० | दाइजोका कारण हत्या | ३ | | ६ | |
| ११ | 'बोक्सी'को आरोप | ५८ | | ३१ | |
| **१३** | **जम्मा** | **२७१०** | **१३९८** | **३४९८** | **१४६८** |

यो अध्ययन प्रतिवेदन मुलुकका सबै जिल्लाबाट प्राप्त घटनाहरूलाई इन्सेकले अभिलेख गरेको तथ्य तथ्याङ्कहरूको आधारमा तयार पारिएको हो । नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा वृद्धि भएको चेतनास्तर, साक्षरतामा भएको वृद्धि, कानुनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिलाप्रतिको दृष्टिकोणमा आएको परिवर्तन, समाज तथा घरभित्र गरिने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना प्रकाशमा ल्याउन मद्दत पुगेको छ । इन्सेकले महिलाको मानव अधिकारको अवस्थाको अनुगमन गर्ने क्रममा असमान ज्याला, पारम्परिक विभेद, सुरक्षित यौन तथा प्रजनन् अधिकारका पीडितको अभिलेखन भएको छैन । कतिपय अवस्थामा पीडितले नै घटना बाहिर ल्याउन नचाहने कारण पनि यस्ता पीडित तथ्याङ्कमा समेटिएका छैनन् । महिलामाथि हुने हिंसाका घटनामा सन् २०२१ मा पनि प्रवृत्तिगत कमी आएन । घटनाको सङ्या बृद्धि भएको इन्सेकको अभिलेखले देखाउँछ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहारका घटनामा सन् २०२१ मा ३ हजार ४ सय ९८ जना पीडित भएको अभिलेख भयो ।

[1] सन् २०२१ को जनवरीदेखि डिसेम्बरसम्म

यस वर्ष बेचबिखन तथा ओसारपसारका घटनामा ४२ जना, बेचबिखन तथा ओसारपसार प्रसासका घटनामा १६ जना, घरेलु हिंसाका घटनामा २ हजार ५९ जना, 'बोक्सी'को आरोपमा ३१ जना, बलात्कारका घटनामा ६ सय ४९ जना, बलात्कार प्रयासका घटनामा १ सय ७७ जना, यौन दुर्व्यवहारका घटनामा ६१ जना महिला पीडित भएको अभिलेख भयो । मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकार हो । तर, विभिन्न बहानामा महिलाहरूको हत्या हुने गरेको छ । यस वर्ष परिवाजनबाट १ सय १२ जना महिलाको हत्या भयो । गत वर्ष यो सङ्ख्या १ सय २ थियो । भनेजति दाइजो नल्याएको आरोपमा ६ जना महिलाको हत्या भयो भने सोही कारणले १० जना महिला हिंसामा परेको अभिलेख भयो । परिवारजनबाट महिला मारिएका केही घटनामा पीडितपक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको पाइयो । पोष्टमार्टम रिपोर्टमा आत्महत्या देखिएको भन्दै प्रहरीले उजुरी नै नलिएका घटना पनि अभिलेख भए ।

नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ । बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ । शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन् । सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाऱ्हो हुन्छ । इन्सेकले गरेको अभिलेख अनुसार १ हजार ४ सय ६८ जना बालिका पीडित भए । जसमध्ये बलात्कारका घटनामा १ हजार ४३, यौन दुर्व्यवहारका घटनामा ३ सय ५९, बेचबिखन तथा ओसारपसारका घटनामा २७ जना, बाल विवाहका घटनामा ३९ जना बालिका पीडित भएको अभिलेख भयो ।

## प्रतिनिधिमुलक घटनाहरू

### घटना-१

**रूपन्देही जिल्ला**, सम्मरीमाई गाउँपालिका-५ दुवेथुमुवाकी ३२ वर्षीय कुसुम लोधको हत्या गरेको आरोपमा प्रहरीले मृतकका पति ३४ वर्षीय शैलेशकुमार लोध र देवर ३० वर्षीय राजेशकुमार लोधलाई फागुन २३ गते गिरफ्तार गऱ्यो। आरोपितले मृतकलाई फागुन १५ गते लुम्बिनी पर्सा घुम्न लैजाने भनी १५ महिने दुधे बालकसहित लु ६२ प १४०१ नं को मोटर साइकलमा लिएर गएका थिए । कोटहीमाई गाउँपालिका-१ पतिजिया सिपवास्थित झलुनीपुरदेखि मर्चवार जाने बाटोमा इलाका प्रहरी कार्यालय लुम्बिनीका इन्सपेक्टरको नेतृत्वमा गएको गस्ती टोलीलाई आफ्नो पत्नीलाई लु.२ च.१५१७ नं को गाडीले ठक्कर दिई पेस्तोल देखाएर पत्नीको गरगहनासमेत लुटेर लगेको बताएका थिए । प्रहरीले पीडित लोधलाई उपचारका लागि प्रहरीकै गाडीमा राखेर भीम अस्पताल, भैरहवामा पुऱ्याएकोमा अस्पतालले मृत घोषणा गरेको थियो । आरोपितले पीडितलाई मार्ने योजनाका साथ घटनास्थलमा लिएर आएको र मोटरसाइकल रोकी पिसाब फेर्ने बहाना बनाई छोरालाई सडक छेउमा रोकेको मोटरसाइकलमा राखी पत्नीलाई सडक छेउमा उभिन लगाएका थिए । मृतकको देवर राजेशकुमार लोधले दाजुसँग भएको सल्लाह अनुसार भारतीय नं प्लेटको युपी ५५ एन ८५९८ नं. को गाडीले भाउजुलाई ठक्कर दिएको र भुईंमा ढलपछि दुई तीन पटक शरीरमा गाडी चढाएर हत्या गरेको अनुसन्धानका क्रममा पत्ता लागेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सत्यनारायण थापाले बताए । आरोपितले पीडितलाई पटक पटक कुटपिट गर्ने गरेको, र घटना हुनु अघिल्लो दिन पनि घरायसी झैझगडा भएको थियो। मृतकको नाममा गरिएको बीमा रकम पाउने आशा र घरायसी विवादको कारण घटना भएको डिएसपी थापाले बताए । शवको फागुन १६ गते भीम अस्पताल, भैरहवामा पोष्टमार्टम गरी परिवारलाई बुझाइएको प्रहरीले जनायो । जिल्ला अदालत रुपन्देहीले आरोपितद्वयलाई चैत १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो ।

### घटना-२

**सिरहा जिल्ला,** 'बोक्सी'को आरोप औरही गाउँपालिका-५ की ४५ वर्षीया हिरादेवी साहलाई ०७८ वैशाख ४ गते पीडितका भतिजा ३० वर्षीय घुरन साह, ४८ वर्षीया सुर्जि साह, ४० वर्षीया कोशिला साह र ३० वर्षीया सरिता साहले कथित बोक्सीको आरोप लगाई कुटपिट तथा अभक्ष कोच्याएको आरापमा पीडितले जिल्ला प्रहरी कार्यालय, सिरहामा वैशाख ५ गते उजुरी दिइन् । पीडित हिराकाअनुसार 'वैशाख २ गते मधेसको जुडसितल पर्वको अवसरमा आशिर्वाद स्वरुप भतिजाहरूलाई टाउकोमा पानी हाल्न गएकी थिएँ, के कति कारणले उनीहरूको

गाईको मृत्यु भएपछि वैशाख ४ गते बिहानै तिमीले नै टुनामुना गरी गाई मारेको भन्दै आरोपितहरूले कुटपिट गालिगलौज सहित अभक्ष समेत कोच्याए ।' जिल्ला प्रहरी कार्यालय, सिरहाका इन्स्पेक्टर दीपेन्द्र श्रेष्ठकाअनुसार आरोपित घुरनलाई वैशाख ५ गते गिरफ्तार गरेको र अन्य आरोपितहरू फरार छन् । प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा वैशाख २९ गते बोक्सीको आरोपमा कुटपिट अभियोगमा मुद्दा दर्ता दर्ता गऱ्यो । जिल्ला अदालतको आदेशमा आरोपित जेठ २ गते देखि पुर्पक्षका लागि थनामा रहेका छन् । यो वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएन ।

**घटना-३**

**महोत्तरी जिल्ला,** दाइजोका कारण कुटपिट सम्सी गाउँपालिका-६ सम्सीबजार माइती घर भएकी सर्लाही जिल्ला हरिपुर्वा नपा-२ बस्ने २१ वर्षीया अमृता साहलाई दाइजो कम ल्याएको निहुँमा २४ वर्षीय पति जोगनारायण साहलगायतले कुटपिट गरेको भन्दै पीडितले ०७८ जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । कुटपिटबाट घाइते भएकी अमृतालाई आरोपितले सम्सीबजारस्थित माइती घरमा छाडेर भागेको पीडित पक्षले आरोप लगायो । विवाह भएको एक महिना नबित्दै दाइजोमा ग्याँस चुल्हो र सिलिन्डरलगायतका सामग्री नदिएको भन्दै कुटपिट गरी यातना दिएको आरोपमा पति जोगनारायणलगायत ५० वर्षीय ससुरा अनुप साह, ३० वर्षीय जेठाजु सत्यनाराण साह, २६ वर्षीय जेठाजु भागनारायण साह, २० वर्षीय देवर शत्रोहन साह र ४५ वर्षीया सासू रजखोरबालीविरुद्ध पीडितले प्रहरीमा उजुरी दिइन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका एसपी सन्तोष सिंह राथोडका अनुसार कुटपिटमा संग्लन ससुरा अनुप साहलाई जेठ २४ गते गिरफ्तार गरेको र घटनामा संलग्न अन्य आरोपितहरू गिरफ्तार भएनन् । जेठ ३० गते मिलापत्र गराइयो ।

**घटना-४**

**रौतहट जिल्ला,** एसिड प्रहार चन्द्रपुर नपा-४ चन्द्रनिगहापुरकी ३७ वर्षीया दीपिका बिकलाई ४२ वर्षीय पति दिपक बिकले ०७८ जेठ २९ गते एसिड प्रहार गरी घाइते बनाएको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय चन्द्रनिगहापुरमा जेठ ३० गते उजुरी दिइन् । पीडित घर मा बसिरहेको अवस्थामा पति बाहिर कामबाट घर आएको र सो अवस्थामा पीडितले 'म थाकेकी छु एकछिन सुत्छु मलाई नउठाउनु है' भन्दै सुत्न लाग्दा पतिले 'तँलाई मार्छु' भन्दै मुखमा एसिड हाल्ने क्रममा पीडितले छेक्दा एसिड मुख, हात र जीउमा परी घाइते भइन्। आरोपितलाई घटना लगत्तै मौखिक उजुरीका आधार मा इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरले गिरफ्तार गऱ्यो । आरोपितविरुद्ध एसिड प्रहार गरी शरीरमा क्षति पुऱ्याएको शीर्षकमा मुद्दा दर्ता भएको प्रहरीले जनायो । पीडितको सामान्य उपचार जेठ ३० गते एपोलो हस्पिटल चन्द्रनिगहापुरमा गरी थप उपचार कीर्तिपुरमा भयो । जिल्ला अदालतको ०७८ असार २३ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा छन् । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

**घटना-५**

**बारा जिल्ला,** आदर्शकोटवाल गाउँपालिका-३ बतरा टोलकी २२ वर्षीया सरिताकुमारी मुखियालाई सिम्रोनगढ नपा-१ रामसँगरढाट टोलका २६ वर्षीय पति लालु मुखिया र ५० वर्षीय ससुरा जगत मुखिया, ३५ वर्षीय जेठाजू रामजिवन मुखिया र २५ वर्षीय छिमेकी रामनिवास मुखियाले कुटपिट गरी ०७७ फागुन २४ गते राति हत्या गरेर शव लुकाएको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय सिम्रोनगढमा फागुन २५ गते र जिल्ला प्रहरी कार्यालयमा चैत ४ गते उजुरी दियो । घर परिवारले पलङ, सिरक, डसना दाइजो नदिएमा ज्यान मार्ने र शव लुकाउने धम्की दिँदै आएको सरिताको माइती पक्षको आरोप छ । ०७५ असार ७ गते धार्मिक परम्परा अनुसार गरिएको विवाहमा हिरो स्पलेण्डर मोटरसाइकल, नगद २ लाख रुपियाँ, जन्तीको गाडी भाडाका लागि ५० हजार रुपियाँ, ५० हजार रुपियाँ बराबरको कपडा र जन्तीलाई स्वागत गर्न ५० हजार रुपियाँ गरी ५ लाख रुपियाँ दिएको माइती पक्षले जनायो । घटनाको अनसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, सिम्रौनगढका इन्स्पेक्टर दीपक सुवेदीले बताए । वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन् ।

**घटना-६**

**सुर्खेत जिल्ला,** बलात्कारपछि हत्या लेकबेसी नगरपालिका-१ ढापखर्ककी सात वर्षीया मनिषा सुनारको ०७८ कात्तिक २१ गते बलात्कार गरी हत्या गरेको आरोपमा सोही ठाउँका २१ वर्षीय सन्तोष सुनार, १९ वर्षीय विक्रम सुनार र १५ वर्षीय बालकलाई प्रहरीले कात्तिक २४ गते गिरफ्तार गर्‍यो । पीडित पक्षले आरोपितहरूविरुद्ध कात्तिक २३ गते इलाका प्रहरी कार्यालय, छिन्चुमा उजुरी दियो। पीडित बालिका कात्तिक २१ गते साँझ घरनजिकैको पसलमा सामान किन्न गएकोमा नफर्किएपछि परिवारले इलाका प्रहरी कार्यालय, लेकबेसीमा मौखिक जानकारी दिएको थियो । प्रहरीले कात्तिक २२ गते घरदेखि ५ सय मिटर उत्तरपूर्व रहेको खरबारीमा घाँटी रेटिएको अवस्थामा बालिकाको शव फेला पारेका जिल्ला प्रहरी कार्यालयका एसपी पदमबहादुर विष्टले बताए । जिल्ला अदालतले आरोपितद्वयलाई थुनामा र अर्का आरोपित १५ वर्षीय बालकलाई बाल सुधार गृहमा पठाउने आदेश दियो ।

**घटना-७**

**डोटी जिल्ला,** आदर्श गाउँपालिका-४ की २७ वर्षीया लक्ष्मीदेवी भाटको शरीरमा ०७८ जेठ १२ गते राति मट्टीतेल खन्याई आगो लगाएर हत्याको प्रयास गरेको आरोपमा ३५ वर्षीय पति सन्तोष भाटविरुद्ध पीडित पक्षले जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ३१ गते त्रिनगर भन्सार नाकाबाट गिरफ्तार गर्‍यो । घाइतेको प्राथमिक उपचार जेठ १३ गते जिल्लास्थित सुजङ्ग अस्पतालमा भई थप उपचार काठमाडौँ जिल्ला कीर्तिपुर स्थित बर्न अस्पतालमा भयो । प्रहरीले आरोपितविरुद्ध ज्यान मार्ने उद्योगअन्तर्गत जिल्ला अदालत डोटीमा मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतका न्यायाधीश विदुर काफ्लेको ०७८ असार २१ गते बसेको इजलासले आरोपितलाई ४ वर्ष कैद र ४० हजार रुपियाँ जरिबानाको फैसला गर्‍यो ।

## निष्कर्ष

महिला विरूद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबिच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म यस किसिमका अपराधमा कमी आउँदैन । यद्यपि सबै सरोकारवालाहरूको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयनले महिलाविरुद्ध हुने हिंसाका घटनालाई न्यूनीकरण गर्न भने अवश्य सकिन्छ । सरोकारवालाको पहल र प्रयासमा हिंसा न्यूनीकरणका क्रियाकलाप तत्कालै सञ्चालन गर्नु आवश्यक छ । गरिबी, अशिक्षा र आर्थिक सशक्तिकरणका कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन सके महिलामाथि हुने हिंसाका घटनामा कमी ल्याउन सहायकसिद्ध हुनेमा दुई मत छैन ।

अन्धविश्वास, परम्परागत सामाजिक संरचना, विभेदपूर्ण नीति र कानुनहरू, कानुन कार्यान्वयन गर्ने निकायको लैङ्गिक जवाफदेहिता कमजोर हुनुलगायतका कारणले महिला हिंसा बढी संवेदनशील बन्न पुगेको छ । विभेद, बहिष्करण र हिंसाको चक्रमा पर्ने महिलाको लैङ्गिक पहिचान र अधिकार विभेदकारी संस्कार, संस्कृति, अभ्यास र मनोवृत्तिका कारण पीडाको दुष्चक्रबाट मृत्युको अन्तिम संस्कारसम्म प्रताडित भइराख्नुपरेको यथार्थ घटनाको सङ्ख्या र प्रवृत्तिमार्फत प्रकट भएको छ ।

महिलाविरुद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको मानवीय अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सन्तुलन, उत्पादन र वितरण प्रणालीमाथिको पहुँच र नियन्त्रण तथा कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म ज्यादतीको यो क्रम रोकिने छैन । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा नीतिगत व्यवस्था अनुकूल राज्यले नागरिकका आधारभूत अधिकार सुनिश्चित गर्न प्रतिकार्य संयन्त्रको क्षमता, स्रोत तथा संरक्षणमैत्री शासकीय प्रणाली सुनिश्चित गर्दै अधिकार उल्लङ्घन हुने क्रम घटाउने तथा अधिकार उल्लङ्घन र ज्यादती पीडितको न्यायमा पहुँच स्थापना गर्दै छिटो न्याय सुनिश्चित गर्न जरुरी भएको छ । महिलाविरूद्धको अन्याय, विभेद र हिंसाको दुष्चक्र अन्त्य गर्न सशक्त नागरिक आवाज र जिम्मेवार तथा जबाफदेही कानुन कार्यान्वन गर्ने निकाय तथा न्याय प्रणालीको र उत्थानशील संरक्षण संयन्त्र आजको आवश्यकता बनेको छ ।

## सुझावहरू

- अदालतसम्म पुगेका घटनाको न्याय पनि निकै कम रहेकाले अदालती प्रक्रियालाई छिटोछरितो बनाउन आवश्यक छ ।
- थोरै न्याय र धेरै मेलमिलापका कारण पीडित महिला न्यायिक निरूपण गर्ने निकायसम्म जाँदैनन् ।
- महिलामैत्री कानुन बनाउने सम्बन्धमा सर्वोच्च अदालतले गरेका आदेश र निर्देशनको पालना हुनुपर्ने ।
- छिटो न्यायका लागि द्रुत गतिका अदालत तथा पारिवारिक अदालतको गठन गर्नुपर्ने ।
- घरेलु हिंसाका प्रकृतिअनुरूप सजायको कानुनी प्रावधान तर्जुमा गर्नुपर्ने ।
- बोक्सीको आरोपमा गरिएका प्रताडना र दुर्व्यवहारबाट भएको मानसिक, सामाजिक, पारिवारिक पीडाबोधको कुनै हर्जाना हुन सक्दैन । पीडकबाट प्राप्त जरिवाना यसर्थ हानिपूरण स्वरूप पीडितलाई उपलब्ध गराउने ।
- बहुविवाह पीडित महिलालाई सहज कानुनी सेवा र आर्थिक आत्मनिर्भरताका लागि सहयोग गर्ने ।
- हिंसा पीडित महिलालाई संरक्षण गर्न ल्याइएको संरक्षण गृहलाई ७५ ओटै जिल्लामा व्यवस्थित गर्नुपर्ने साथै यस्ता महिलालाई स्वआर्जन, आयआर्जन तथा रोजगारका लागि राज्यले नीति निर्माण गर्नुपर्ने ।
- यौन हिंसाका घटनाहरुमा मेलमिलाप गर्न गराउन नहुने ।
- यौन हिंसाका घटनामा द्रुत तथा निष्पक्ष छानविन गर्नुपर्ने ।
- प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेको महिला हिंसा विरुद्धसम्बन्धी कार्यालयलाई महिला हिंसासम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायका रूपमा परिचालन गर्ने ।
- अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोही अनुरूपको परिमार्जन गर्ने ।
- लिङ्गका आधारमा हुने हिंसाका घटनाको उजागर गर्न नागरिक समाज, सञ्चार माध्यमलगायत सरोकारवालाहरू सक्रिय हुनुपर्ने ।


इन्सेक insec

मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं

फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org